मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

वागमती प्रदेश, नेपाल

फोनः-०४८-५४०११२


प.सं.:-०७८/७९

च.नं.:-

## सेवा करारमा मेडिकल अधिकृत पदपूर्ति सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति २०७९/०३/१६

(विज्ञापन नं १०/०७८/७९)

मन्थली नगरपालिका अन्तर्गत मन्थली अस्पतालको लागि मेडिकल अधिकृत (अधिकृतस्तर आठौं) पदमा एक जना स्वास्थ्यकर्मी सेवा करारमा पदपुर्ति गर्नुपर्ने भएकोले तपशिल बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले देहाय वमोजिमका कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन वा मिति २०७९/०३/३० गते (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पश्चात कार्यालय खुलेको पहिलो दिन) भित्र कार्यालय समयमा लोकसेवा आयोगबाट निर्धारित ढाँचामा दरखास्त फारम भरी यस नगरपालिकाको कार्यालयमा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**१.आवश्यक न्यूनतम योग्यता :** मान्यताप्राप्त शिक्षणसंस्थावाट चिकित्साशास्त्रमा MBBS उत्तीर्ण गरी मेडिकल काउन्सिलमा दर्ता/नविकरण गरेको ।

**२. सम्लग्न गर्नु पर्ने कागजातहरु:**

(क) दरखास्त फारम (ख) नागरिकता प्रमाणपत्रको प्रतिलिपि (ग) शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु (घ) मेडिकल काउन्सिलमा दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपि (ङ) तालिमका प्रमाणपत्रका प्रतिलिपीहरु (च) अनुभवका प्रमाणपत्रहरु (छ) नगरपालिकामा राजश्व वुझाएको भरपाइ ।

**३. उमेर हद :** दरखास्त दिने अन्तिम मिति सम्ममा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

**४.दरखास्त फारम लोकसेवा आयोगको वेभ साइट www.psc.gov.np वाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।**

**५. दरखास्त दस्तुर :** रु. १०००/- नगरपालिकाको राजश्व उपशाखामा नगदै वुझाइ वा यस कार्यालयको नाममा रहेको रा.वा.वैंक मन्थली शाखाको आन्तरिक राजश्व खाता (ग.१.१) १६८०१००३०१०१०००२ मा रकम जम्मा गरेको सक्कलै भरपाइ पेश गर्नुपर्ने ।

**६. छनौटको किसिम : छोटोसूचि प्रकाशन,** प्रयोगात्मक र अन्तरवार्ता ।

**७. परीक्षा मिति :** दरखास्त दिने अन्तिम मिति पश्चात नगरपालिकाको वेभसाइटमा सूचना प्रकाशन गरिनेछ ।

**८. सेवा तथा सुविधा :** नेपाल सरकारले मेडिकल अधिकृतहको लागि तोके बमोजिम ।

**९. करार अवधि :** २०७९ पौष मसान्त सम्म (सो अवागै स्थाइ नियुक्ति भइ आएमा स्वतः समाप्त हुने) ।

१०. स्थानीय, सम्वन्धित कामको अनुभव भएका, महिला, दलित, जनजातिलाई प्राथमिकता दिइनेछ ।

*थप जानकारिका लागि मन्थली नगरपालिकाको प्रशासन शाखा वा फोन नं ०४८-५४०५३२ मा सम्पर्क गर्न सकिनेछ ।*

प्रमुख प्रशाशकीय अधिकृत